कार्यपालिकाको वैठक संख्या:-५३

आज मिति २०८१/०५/०२ गतेका दिन यस मालिका गाउँपालिकाका अध्यक्ष श्री देविराम अर्याल ज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा निम्न प्रस्तावहरुको सम्बन्धमा व्यापक छलफल गरी निर्णयहरु पारित गरियो ।

उपस्थिति:-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री देविराम अर्याल | |
| २. | उपाध्यक्ष | श्री उपेन्द्र अर्याल | |
| ३. | वडा अध्यक्ष | श्री दीपक श्रीस | |
| ४. | वडा अध्यक्ष | श्री विनोद श्रीस | |
| ५. | वडा अध्यक्ष | श्री ज्ञान कुमार वुढा | |
| ६. | वडा अध्यक्ष | श्री नारायण प्रसाद अर्याल | |
| ७. | वडा अध्यक्ष | श्री रेखा कुमार जि.सी. | |
| ८. | वडा अध्यक्ष | श्री दिपक भन्डारी | |
| ९. | वडा अध्यक्ष | श्री हिरा वहादुर कार्की | |
| १०. | वडा अध्यक्ष | श्री सूर्य वहादुर घर्ती क्षेत्री | |
| ११. | कार्यपालिका सदस्य | श्री अन्जु सुनार | |
| १२. | कार्यपालिका सदस्य | श्री तुलविर कामी | |
| १३. | कार्यपालिका सदस्य | श्री दिपा गिरी महतरा | |
| १४. | कार्यपालिका सदस्य | श्री लक्ष्मी खत्री | |
| १५. | कार्यपालिका सदस्य | श्री सकुन्तला पन्थी | |
| १६. | कार्यपालिका सदस्य | श्री कमल सुनार | |
| १७. | सदस्य सचिव (प्र.प्र.अ.) | श्री विकास खनाल | |
| १८. | प्रशासन शाखा प्रमुख | श्री गोपाल व. सेन ओली | |
| १९. | का.स. | श्री चन्द्र कान्त अर्याल | |

आमन्त्रित सदस्य:

प्रशासन सहायक पाँचौ श्री पवित्रा सत्पाल

क.अ. श्री बाबुराम पोखरेल

[illegible] श्री मिन बढ [illegible] क्षेत्री

स्तावहरु:-

१. सुरक्षित नागरिक आवास कार्यक्रममा समावेश गर्नुपर्ने घरधुरीका सम्बन्धमा,
२. विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा,
३. आ.ब.२०८०/०८१ को म.ले.प. सम्बन्धमा,
४.जमलपोखरा मा.वि.को वि.व्या.स. अध्यक्ष छनौट सम्बन्धमा,
५.स्वास्थ्य गुणस्तर सुधार कार्यक्रममा विनियोजित रकमबाट नेटा स्वास्थ्य चौकी र छापहिले स्वास्थ्य चौकीको पूँजिगत सुधारमा अपुग रकम थप गर्ने सम्बन्धमा,
६.स्वास्थ्य गुणस्तर सुधार कार्यक्रममा विनियोजित रकमबाट हाङ्गदी स्वास्थ्य चौकी निर्माणमा अपुग रकम थप गर्ने सम्बन्धमा,
७. खर्च अनुमोदन सम्बन्धमा।

ठकले गरेका निर्णयहरु:-

| क्र.सं. | प्रस्ताव पेश गर्ने शाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रशासन शाखा | संघीय आयोजना कार्यान्वयन इकाई मार्फत खरका छाना मुक्त गर्न वाँकी घरहरुको विवरण माग भएको र सो सम्बन्धमा तपसिलका वडामा निम्नानुसारका खरका छाना मुक्त गर्न वाँकी रहेको हुँदा उक्त विवरण संघीय आयोजना कार्यान्वय इकाइमा पठाउनको लागि प्रशासन शाखा र फोकल पर्सनलाई निर्देशन दिने निर्णय गरियो।<br>तपसिल:-<br>वडा नं.-१ नेटा — ४५ घरधुरी<br>वडा नं.-२ दर्लिङ्ग — ८५ घरधुरी<br>वडानं.-३ हाङ्गदी — ५८ घरधुरी<br>वडा नं.-४ अर्खावाङ्ग — ४५ घरधुरी<br>वडा नं.-५ छाँपहिले — ८२ घरधुरी<br>वडा नं.-६ अर्जै — ८६ घरधुरी<br>वडा नं.-७ घमिर — ८८ घुरधुरी<br>वडा नं.-८ मरभुङ्ग — ९८ घरधुरी<br>कूल जम्मा ५८७ |
| | विपद शाखा | २०८१ साल श्रावण २२ र २३ गतेका दिन परेको अविरल वर्षादको कारण यस मालिका गाउँपालिकाका विभिन्न वडाहरुमा पहिरो गई धनजन र सार्वजनिक |

| | |
|---|---|
| | पूर्वाधारहरुको नोक्सानी तथा क्षति भएको सन्दर्भमा विपद प्रभावित नागरिकहरुलाई तत्काल राहत तथा आर्थिक सहायता उपलब्ध गराउने सन्दर्भमा र पशु शिविर सञ्चालन गर्दा खर्च भएको औषधीको रकम भुक्तानी सम्बन्धमा विपद व्यवस्थापन समितिले गरेको निर्णयहरु अनुमोदनका लागि पेश हुन आएकोमा उक्त निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो। |
| आर्थिक प्रशासन शाखा | आ.ब.२०८०/०८१ को अन्तिम लेखा परीक्षणको लागि महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षकहरु खटिई आउने क्रममा रहेको हुँदा सबै कर्मचारीहरुलाई अडिटको लागि खवर गरी आवश्यक तयारी गर्न र कही कतै अपुग कागजात भएमा आ.ले.प.को प्रतिवेदन अनुसारका कागजात संलग्न गर्न लगाउने कार्यको लागि प्रशासन शाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो। |
| शिक्षा शाखा | श्री जमलपोखरा मा.वि. छाँपहिलेको च.नं.०५, मिति २०८०/०१/१२ को पत्रानुसार विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको विवरण संलग्न गरी उक्त विवरणमा संलग्न पदाधिकारीहरुबाट विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौटका लागि माग भइ आएकोमा यस गाउँपालिकाको शिक्षा नियमावली, २०७५ नियम २६ को (क) मा भएको व्यवस्था अनुसार श्री शेर वहादुर के.सी.लाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तोकिएको सम्बन्धमा निर्णय गरियो। |
| प्राविधिक शाखा | संघीय सरकारको हस्तान्तरित कार्यक्रम अन्तरगत सशर्त अनुदान तर्फ नेटा र छापहिले स्वास्थ्य चौकी पूँजिगत सुधारमा रु.२० लाख रकम विनियोजन भएको र उक्त स्वास्थ्य चौकीहरुमा अत्यावश्यक कार्य गर्नको लागि प्राविधिक लागत अनुमान तयार गर्दा करिव २७ लाख रकम खर्च हुने देखिएको हुँदा उक्त अपुग रकम संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम विशेष अनुदान अन्तरगत विनियोजित स्वास्थ्य गुणस्तर सुधार कार्यक्रममा विनियोजित रकम रु.८० लाखबाट व्यहोर्ने निर्णय गरियो। |
| प्राविधिक शाखा | संघीय सरकारको हस्तान्तरित कार्यक्रम अन्तरगत सशर्त अनुदान तर्फ ह्याङ्गदी स्वास्थ्य चौकीको निर्माणमा रु.३८ लाख रकम विनियोजन भएको र उक्त स्वास्थ्य चौकीहरुमा अत्यावश्यक कार्य गर्नको लागि प्राविधिक लागत अनुमान तयार गर्दा करिव ४७ लाख रकम खर्च हुने देखिएको हुँदा उक्त अपुग रकम संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम विशेष अनुदान अन्तरगत विनियोजित स्वास्थ्य गुणस्तर सुधार कार्यक्रममा विनियोजित रकम रु.८० लाखबाट व्यहोर्ने निर्णय गरियो। |